# आर्थिक वर्ष २०७४/०७५ को

# नीति, कार्यक्रम तथा बजेट

## तेमाल गाउँपालिका

## काभ्रेपलाञ्चोक जिल्ला

## प्रदेश नं. ३, नेपाल

## २०७४

## १.परिचय

काभ्रेपलान्चोक जिल्लाको पूर्वमा रामेछाप र दोलखा, पश्चिममा काठमान्डौं, ललितपुर र भक्तपुर, उत्तरमा सिन्धुपलान्चोक र दक्षिणमा सिन्धुली र मकवानपुर जिल्ला पर्दछन् । पूर्वमा सुनकोशी, पश्चिममा नगरकोट डाँडा एंव साँगा भञ्ज्याङ्ग, उत्तरमा इन्द्रावती एवं सुनकोशी नदी र दक्षिणमा कोखाजोर एवं खानी खोलाले वेष्टित यो जिल्ला भौगोलिक विषमता र प्राकृतिक सम्पदायुक्त जिल्ला मानिन्छ ।

यस जिल्लामा ७ वटा गाउँपालिका र ६ वटा नगरपालिका छन् । ७ गाउँपालिका मध्ये तेमाल गाउँपालिका एक हो । जिल्लाको अरु गाउँपालिका भन्दा पृथक रहेको तेमाल गाउँपालिका सदरमुकामबाट ४० कि.मि. दुरीमा रहेको छ । साविकका ७ गा.वि.स.हरु मिलेर बनेको तेमाल गाउँपालिकामा साविक सर्स्यूंखर्कलाई १ र २ नं वडामा विभाजन गरिएको छ । साविक सरमथलीलाई वडा नं ३, साविक बोल्देफेदिचेलाई वडा नं ४, साविक पोखरीनारायणस्थानलाई वडा नं ५, साविक ठूलोपर्सेललाई वडा नं ६, साविक कुरुवास चापाखोरीलाई वडा नं ७ र साविक मेच्छे गाउँलाई वडा नं ८ र ९ मा विभाजन गरिएको छ । यसरी यस गाउँपालिकामा हाल ९ वटा वडाहरु रहेका छन् ।

गाउँपालिकाको पूर्वमा चौरी देउराली गाउँपालिका र रामेछाप जिल्ला, पश्चिममा रोशी गाउँपालिका र नमोबुद्ध नगरपालिका, उत्तरमा चौरी देउराली गाउँपालिका, भुम्लु गाउँपालिका र पाँचखाल नगरपालिका, दक्षिणमा रोशी गाउँपालिका र सिन्धुली जिल्ला रहेका छन् । गाउँपालिकाको क्षेत्रफल ८९ वर्ग किलोमिटर रहेको छ भने २०६८ सालको जनगणनाको आधारमा २२,७१२ जनसंख्या रहेको छ । यस गाउँपालिकाको पोखरीनारयणस्थान स्थित नारायणको ऐतिहासिक मन्दिर, सोही परिसरमा रहेको बौद्ध, स्वयम्भू र नमोबुद्ध स्तुपाहरु, तोङसुम कुण्ड, कुरुवास चापाखोरीमा रहेको सन्तानेश्वर महादेवको मन्दिर धार्मिक पर्यटनको हिसाबले प्रचुरता बोकेको स्थानको रुपमा परिचित रहेको छ । त्यसै गरी तेमाल गाउँपालिका अन्तर्गत रहेको वडा नं ४ बोल्दे स्थित सुनकोशी किनारमा रहेको भिम पाइला, वडा नं ६ ठूलोपर्सेल भञ्ज्याङ्मा रहेको गौखुरु, लोपोन्मुख रुपमा रहेका पौराणिक स्थलहरु हुन् जसको संरक्षण र सम्बर्द्धन गर्नु गाउापालिकाको महत्वपूर्ण जिम्मेवारीका रुपमा रहेको छ । यसका साथै तेमाल गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका पौराणिक र धार्मिक मन्दिरहरु, गुम्बाहरु पनि संरक्षण र सम्बर्द्धन गर्नु नितान्त आवश्यक छ । तेमालको उच्चस्थलबाट कञ्चनंजा

देखि धौलागिरी सम्मका हिमश्रृंखलाहरु लहरै देख्न सकिन्छ । तेमालकै डाँडाबाट काठमाण्डौ उपत्यका र सिन्धुली गढी समेत देख्न सकिन्छ ।

बौद्ध धर्मालावलम्बीहरुको अत्यधिक बसोवास रहेको यस गाउँपालिकामा हिन्दु र इशाई धर्मावालम्वीहरुको समेत बसोबास रहेको छ । हाल बहुसँख्यक तामाङ्ग समुदाय रहेको यस क्षेत्रमा व्राम्हण, क्षेत्री, नेवार, मगर तथा दलितका साथै सिमान्तकृत जनजाति माझीहरुको समेत बसोबास रहेको छ । यहाँका नागरिकहरुले कृषि, पशुपालन, पर्यटन व्यवसाय एवं धार्मिक महत्व बोकेको बोधी चित्तमालाको खेती एवं व्यवसाय र व्यापारलाई मुख्य पेशाको रुपमा  आगाल्दै आएका छन् । यस गाउँपालिका सुनकोशी र रोशीको किनारादेखि तेमालको डाँडासम्म फैलिएकोले विशेष गरी माथिल्लो भागमा बासोबास गर्ने बासिन्दाहरुका लागि पिउने पानीको
समस्या रहेको पाइन्छ । यहाँको उत्पादनले खासै जनताको जीवनस्तरलाई धान्न सक्ने अवस्था छैन । मौसमी भरमा खेती हुने भएकोले कहिले अनावृष्टि, कहिले अतिवृष्टि, कहिले खण्डबृष्टि त कहिले खडेरीको मारले किसानहरु कृषि व्यवसायबाट खासै लाभान्वित हुन सकिरहेका छैनन् ।  भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस गाउँपालिकालाई एक सक्षम गाउँपालिकाको रुपमा स्थापित गर्ने चुनौति समग्र गाउँवासी तथा सरकारी र गैरसरकारी निकायहरुको काँधमा आई परेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरको रुपमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तौरवाट लाग्नु पर्ने आवश्यकता देखिन्छ ।

यस कारण तेमाल गाउापालिकाले क्रमशः यस क्षेत्रको समग्र विकासको लागि पहलहरु गर्दै लैजान हरेक वर्ष वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु तयार गरी अगाडि वढ्ने जमर्को गरेको छ । यसैक्रममा नवनिर्वाचित जनप्रतिनिधीहरु, बिषयगत कार्यालयका प्रतिनिधी, गैरसरकारी निकायका प्रतिनिधी, नागरिक समाज एवं सरोकारवाला सबैको सक्रिय सहभागितामा आर्थिक वर्ष २०७४÷७५ को लागि वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सिमाना : पूर्वमा : चौरी देउराली र रामेछाप जिल्ला

पश्चिममा : रोशी गाउँपालिका र नमोबुद्ध नगरपालिका

उत्तर : चौरी देउरालीगाउँपालिका, भुम्लु गाउँपालिका र पाँचखाल नगरपालिका

दक्षिण : रोशी गाउँपालिका र सिन्धुली जिल्ला

उचाई : समुन्द्री सतह बाट १८९० मिटर

क्षेत्रफल : ८९ वर्ग कि.मी.

लम्बाई : सरदर १० कि.मि.

हावापानी : समसितोष्ण (मध्यम पहाडी वातावरण)

केन्द्र : साविक पोखरीनारायणस्थान गा.वि.स. को कार्यालय

### १.१.२ गाउँपालिकाको नामाकरण : तेमाल गाउँपालिका

### १.१.३ गाउँपालिकाको प्रशासनिक विभाजन : ९ वटा वडा कार्यालयहरु

### १.१.४ गाउँपालिकाका मुख्य नदि तथा खोला :

- मुख्य नदिहरु :सुनकोशी र रोशी नदी
- खोलाहरु : झिंगु खोला, बन्देउ खोला, कुन्दुर खोला, गोम्न्याङ खोला, दुल्लु खोला, मुक्पा खोला, निगाले खोला, सोपाल खोला , घ्याङखोला

### १.१.५ धार्मिक पर्यटकीय स्थलहरु

| धार्मिक स्थलको नाम | धार्मिक स्थलको नाम |
|---|---|
| नारायणको मन्दिर, नारायण स्थान | कुइरी साङडुप गुम्वा |
| सन्तानेश्वर महादेवको मन्दिर | याङतुममान थर्पेलिङ गुम्वा |
| नारायणस्थानको बौद्ध स्तुपाहरु | स्याव वाङ नारायणस्थान गुप्ती |
| महाँकाल देवीको मन्दिर ठूलोपर्सेल, पकुवाल | थार्पेलिङ गुम्वा, नारायणस्थान |
| भुपालेश्वर महादेवको मन्दिर, सर्स्यूंखर्क | थार्पेलिङ गुम्वा |
| तोङसुम कुण्ड, याङ्बेल | टासी धार्केलिङ गुम्वा |
| खड्गेश्वरी महादेव काल्धर | गिम्दी भिमसेन मन्दिर |
| गुप्तेश्वरी महादेव चापाखोरी | चर्तुमुखी महादेव |
| गेलुङ्ग पहरा नारायणस्थान | उमामहेश्वरी मन्दिर |
| सिङ्तान डाँडा चापाखोरी | महांकाल मन्दिर |
| टासी दार्गेलिङ गुम्बा भोर्ज्याङ | नारायण मन्दिर |
| टासी छोईलिङ्ग गुम्बा कुरुवास | गणेश मन्दिर |
| टासी जोक्पा माने काल्धर | काश्यप बुद्ध छर्योतेन स्तुपा |
| साङ्चा गुम्बा जर्देउ | नया माया छर्योतेन गुम्वा |
| सेतीदेवी मन्दिर माहुरे चौर | देवी मन्दिर |
| कालिका मन्दिर माहुरे चौर | पुरानो तिनधारा |

| | |
|---|---|
| कुन्छाङ देछेनलिङ गुम्बा ठुलो पर्सेल | स्यावाङ गुम्वा ,गिम्दी |
| महााकाली देवी मन्दिर ठुलो पर्सेल | थापछेन दार्गेलिङ गुम्वा(अ.न.५७६) |
| टासी पेमा दर्गेलिङ गुम्बा लोङसाल | महांकाल गुम्वा |
| साङाछोईलिङ्ग गुम्बा टोड्के | ताङजो गेलुङ गुम्वा |
| रक्त पोखरी | थपछेन दार्गेलिङ गुम्वा(अ.न.५७६) |
| झयाउ पोखरी | गेलोङ पाउ दार्गेलिङ गुम्वा |
| पञ्चकन्या देवी मन्दिर आधाघाट | भुपालेश्वर मन्दिर गुम्वा लामागाउ |
| कालीदेवी मन्दिर खानीगाउ | चपाखोरी राधाकृष्ण गुम्वा |
| धेचेलिङग ह्युलमेन्दो गुम्वा आधाघाट | म्हादेवस्थान चापखोरी |
| मणिकपुर थर्पेदेच्छेनलिङग गुम्वा | कालीदेवी मन्दिर (डाडागाउ) |
| कुइरी साङपलिङ गुम्वा (डाँडागाउ) | चाङथुप्मान थर्पेलिङ गुम्वा (चुखा) |
| सेतीदेवी मन्दिर (चुखा) | सिद्धार्थ गुफा गोठ डाँडा |

## १.१.६ खानी तथा खनिज सम्पदा :

यस गाउँपालिका अन्तर्गत रहेको वडा नं १ मा तामाखानी, वडा नं. ६ मा खरी ढुंगा र चुनढुंगा, रोशी, सुनकोशी र झिगु खोलाको किनारमा बालुवा र ढुंगा खानी रहेको छ । त्यस्तै वडा नं. ५, पोखरी नारायणस्थानमा तामा खानीको सम्भावना रहेको खानी तथा भुगर्भ विभागले जनाएको छ । भविष्यमा तामा खानीलाई उत्खनन् गरी प्रयोगमा ल्याउन सकेमा गाउँपालिकालाई समृद्ध बनाउन थप सहयोग पुग्ने भएकोले गाउँपालिकाले उक्त खानीको आवश्यक अनुसन्धान गरी प्रयोगमा ल्याउने बिषयलाई प्राथमिकताका साथ अगाडि बढाउने योजना रहेको छ ।

## १.१.७ गाउँपालिकाको वडाहरुको जनसंख्या

| क्र.सं. | वडा नं. | राष्ट्रिय जनगणना २०६८ अनुसारको | | | |
|---|---|---|---|---|---|
| | | घरपरिवार सङ्ख्या | जम्मा | पुरुष | महिला |
| १ | १ र २ | १०९५ | ५३१६ | २५३१ | २७८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ३ | २३९ | १०७१ | ५१८ | ५५३ |
| ४ | ४ | ४७० | २०४१ | ९१६ | ११२५ |
| ५ | ५ | ६४७ | २९४५ | १३७९ | १५६६ |
| ६ | ६ | ५७८ | २४७६ | ११२६ | १३५० |
| ७ | ७ | ५८४ | २७५३ | १३४६ | १४०७ |
| ८ | ८ र ९ | १२६३ | ६११० | २७६७ | ३३४३ |
| जम्मा | | ४८७६ | २२७१२ | १०५८३ | १२१२९ |

शिक्षा तर्फ :

माध्यमिक तह कक्षा ११, १२ सम्म पढाई हुने विद्यालयहरु :

१) पञ्चकन्या माध्यमिक विद्यालय ठूलोपर्सेल

२) कुशेश्वर माध्यमिक विद्यालय, मेच्छे

३) जनचेतना माध्यमिक विद्यालय, सर्स्यूंखर्क

४) नारायणस्थान माध्यमिक विद्यालय, पोखरी नारायणस्थान

माध्यमिक ९ र १० सञ्चालन भएका विद्यालयहरु :

१) कुशेश्वर मावी मेच्छे

२) सेतीदेवी मावी लोडसाल

३) जनज्योती मावि भेर्ज्याङ

४) राधाकृष्ण मावी चापाखोरी

५) पञ्चकन्या मावी ठुलोपर्सेल

६) नारायणस्थान मावी पोखरीनारायण स्थान

७) शिवालय मावी बोल्दे

८) भुमे मावी सरमथली

९) जनचेतना मावी सस्यूखर्क

१०) सर्वोद्धार मावी सस्यूखर्क

**स्वास्थ्य तर्फ :**

क) नारायण स्थान इलाका स्वास्थ्य चौकी

ख) ठूलोपर्सेल स्वास्थ्य चौकी

ग) मेच्छे स्वास्थ्य चौकी

घ) चापाखोरी स्वास्थ्य चौकी

ङ) धुलिखेल सामुदायीक अस्पताल बोल्देफेदिचे

च) सस्यूखर्क स्वास्थ्य चौकी

छ) सरमथली स्वास्थ्य चौकी

**विद्युत तर्फ :**

तिमाल ग्रामिण विद्युतीकरण सहकारी संस्था मार्फत सञ्चालन गरिएको विद्युतीकरण कार्यक्रमबाट सबै वडाका घरधुरीहरुमा विद्युत सुविधा पुगेको ।

**सडक सञ्जाल तर्फ**

क) तेमाल-रेन्जेन दोर्जे-मेच्छे पौवा सडक

ख) याङवेल खोला चेप्टेढुँगा माहुरे ग्रामिण सडक

ग) रोशी खोला चापाखोरी सडक

घ) दाउन्नेखोला,थिलवार कोकाम नारायणस्थान सडक

ङ) रोशी- गिम्दी नारायणस्थान सडक

ज) नारायणस्थान ठूलोपर्सेल दोभानटार सडक

छ) वोहरेदोभान कोटतिमाल सडक

ञ) नारायणस्थान-वोलदेफिदिचे थुम्का सडक

झ) मेच्छे चक्रपथ सडक

ठ) मंगलटार कालधार कुरुवास चापाखोरी ढुल्कु सडक

ट) याङ्वेल ठूलोपर्सेल सडक

ड) बोहोरेदोभान सस्युँखर्क लामागाउँ सरमथली माहुरे भञ्ज्याङ सडक

च) तामाघाट बोहोरेदोभान ठूलोपर्सेल चोपटार हुदै नेपालथोक सडक

छ) याङ्वेल खोला माउरे सडक

## १.२ विद्यमान अवस्थाको समिक्षा

### १.२.१. सवल पक्ष

तेमाल गाउँपालिका धार्मिक, ऐतिहासिक, पर्यटकिय, भौगोलिक एवं साँस्कृतिक रुपमा सुसम्पन्न गाउँपालिका भएकोले यहाँ प्रचुर मात्रामा सबल पक्षहरु रहेको पाइन्छ । यस गाउँपालिकामा रहेका सबल पक्षहरुलाई निम्नानुसारका बुँदाहरुमा समाबेश गरिएको छ ।

- स्थानीय तहको निर्वाचन भई स्थानीय सरकारको समेत व्यवस्था भई सकेको ।
- धार्मिक तथा ऐतिहासिक पर्यटकीय क्षेत्रहरु रहेको ।
- विश्व बजारमै दुर्लभ मानिने बोधीचित्त मालाको उत्पादन हुन सक्ने हावापानी तथा वातावरण रहेको ।
- राष्ट्रिय स्तरमै पहल गरी यस गाउँपालिकाको किनारामा रहेको सुनकोशी नदीमा विद्युत गृह सञ्चालन गर्न सकेमा गाउँपालिकाको आन्तरिक श्रोत अभिबृद्धिको लागि टेवा पुग्ने र उत्कृष्ट पर्यटकिय स्थलको रुपमा समेत चिनाउन सकिने अवस्था रहेको ।

- यस भेगमा बसोबास गर्ने बासिन्दाहरुको जीवनस्तर उकास्नका लागि कृषि व्यवसायका अतिरिक्त अन्य कृषिजन्य व्यवसाय सञ्चालन गर्ने प्रचुर सम्भावना रहेको ।
- यस गाउँपालिका अन्तर्गतका वडाहरुमा प्रचुर मात्रामा वन सम्पदाको सम्भावना रहेको र त्यहाँ रहेका जडीबुटीहरु संकलन गरेर प्रशोधन गर्न सकिने सम्भावना रहेको ।

## १.२.२. कमजोर÷सुधारात्मक पक्ष

यस गाउँपालिकाको धेरै सबल पक्षहरु हुँदा हुँदै पनि केही सुधारात्मक पक्षहरु रहेका छन् । जसलाई निम्नानुसारको बुँदामा समेटीएको छ ।

- गाउँपालिका चुस्त दुरुस्त रुपमा सञ्चालनका लागि जनशक्तिको उचित व्यवस्था हुन नसकेको ।
- स्थानीय तह सञ्चालनको लागि भौतिक पूर्वाधारको व्यवस्था नभएको ।
- समयमै कर तथा राजस्व तिर्न पर्छ भन्ने जन चेतनाको कमी रहेको ।
- स्थानीय तहबाट सम्पादन गर्नु पर्ने कार्यहरुमा अभ्यस्त नरहेको ।
- योजनाबद्ध तबरबाट कार्य सम्पादनमा अभ्यासको कमी रहेको ।
- कृषि जन्य उत्पादनका लागि सिंचाईको उचित व्यवस्था नभएको ।
- परम्पारगत कृषि व्यवसायका लागि भौगोलिक बनावट कमजोर रहेको ।
- भौगोलिक वनावटका आधारमा व्यवसाय सञ्चालन गर्ने व्यवस्था हुन नसकेको ।
- कृषि व्यवसायमा युवाहरुको आकर्षण बढाउन नसकिएको ।
- यस गाउँपालिकामा बसोबास गर्ने सबै बासिन्दाहरुका लागि उचित पिउने पानीको व्यवस्था हुन नसकेको ।
- कृषि पैदावरको उचित बजार व्यवस्थापन हुन नसकेको ।
- शैक्षिक संस्थाहरुबाट गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिएको ।
- स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्तिको व्यवस्थापन गर्न नसकिएको ।
- स्थानीय सीपमा आश्रित जनशक्तिलाई उचित व्यवस्थापन तथा आधुनिकिकरण तर्फ लैजान नसकिएको ।
- सम्भावित वन पैदावरहरुलाई उचित व्यवस्थापन गर्न नसकिएको ।
- जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रमहरु सघन रुपमा सञ्चालन गर्न नसकिएको ।
- सबै मौसममा चल्ने गरी सडकको निर्माण तथा व्यवस्थापन गर्न नसकिएको ।
- शिक्षित जनशक्तिलाई उचित रोजगारीको व्यवस्था गर्न नसकिएको ।
- बैंक तथा वित्तिय निकायहरु स्थानीय निकायमा स्थापना हुन नसकेको ।

## १.२.३. अवसर

विभिन्न क्षेत्रमा विविधता बोकेको यस गाउँपालिकामा रहेका अवसरहरुलाई निम्नानुसारका बुँदाहरुमा समेटीएको छ :

- तिमाललाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सक्ने ।
- सबै किसिमका कृषि पैदावरबाट लाभ लिन सक्ने सम्भावना रहेको ।
- विश्वमै दुर्लभ मानिने बनस्पती बोधी चित्तमालाको व्यवसाय गरी जनताको आर्थिक सम्वृद्धि अगाडि बढाउान सकिने सम्भावना रहेको ।

- विनाशकारी भुकम्प पछिको पुननिर्माणको समय भएकोले भुकम्प प्रतिरोधी बस्ती बसाल्न सकिने सम्भावना रहेको ।
- यस भेगमा कुनै पनि किसिमको उद्योग कलकारखाना सञ्चालनमा नरहेकोले लगानी कर्ताहरुलाई प्रोत्साहन गरी कल कारखाना सञ्चालन गर्न सकिने सम्भावना रहेको ।
- शिक्षित जनशक्ति उपयोग गर्न सक्ने सम्भावना रहेको ।
- केन्द्रिय बैंक तथा वित्तिय संस्थालाई स्थानीय तहमै स्थापना गर्न सकिने ।
- विकासको पूर्वाधारहरुलाई दिगो रुपमा व्यवस्थित गर्ने अवसर रहेको ।
- प्राविधिक तथा व्यवसायीक शिक्षालय स्थापना गर्न सकिने ।
- विश्वविद्यालय स्तरको क्याम्पस स्थापना गर्न सकिने ।

### १.२.४. चूनौती

यस गाउँपालिकालाई नमूना गाउँपालिकाको रुपमा विकास गर्नका लागि धेरै चुनौतीहरु रहेका छन् । जसलाई निम्नानुसारको बुदाहरुमा समावेस गरिएको छ :

- स्थानीय तहको नयाँ संरचनाको बारेमा जनमानसमा अवधारणा बसाल्न ।
- स्थानीय तह व्यवस्थित रुपमा सञ्चालनका लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्न ।
- पूर्वाधार पुनःनिर्माणको समय भएकोले विकास निर्माणमा बजेटको व्यवस्थापन गर्न ।
- स्थानीय तहमा काम गर्ने जनप्रतिनिधि लगायतका व्यक्तिहरुमा स्थानीय निकाय सञ्चलन सम्बन्धमा अनुभवको कमी ।
- जिल्ला वा केन्द्रबाट सेवा लिई रहेका जनताहरुलाई स्थानीय तहबाट प्रवाह गर्ने सेवा सुविधाका बारेमा सुसुचित गर्नु ।
- बैंक तथा वित्तिय निकाय यथासिघ्र स्थानीय तहमा स्थापना गरी सञ्चालनमा ल्याउाने कार्य ।
- स्रोतको अभावमा उच्च भुभागमा बसोबास गर्ने बासिन्दाहरुका लागि तत्काल सहज किसिमबाट पिउने पानीको व्यवस्था गर्न ।
- विद्यालयहरुबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्य ।
- स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्तिको व्यवस्थापन गर्ने कार्य ।
- सबै तह तथा क्षेत्रको विकासको लागि पर्याप्त बजेटको व्यवस्था गर्न ।

## १.३. वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति

यस तेमाल गाउपालिकाको वार्षिक, नीति तथा कार्यक्रम तर्जुमाका लागि देहायका पद्धतिहरु अवलम्बन गरिएको छ ।

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ।
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धि नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,

- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा बित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय संचालन शासन ऐन र नियमावलीका प्रावधानहरु
- स्थानीय तहका आवधिक योजनाहरु, क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय तहको मध्यकालिन खर्च संरचना (MTEF) अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

**१.४आयोजना प्राथमिकिकरणका आधारहरु :** आ. ब. २०७४/०७५ को लागि यस गाउँपालिकामा प्राप्त विषय क्षेत्रगत बजेटको सीमा ९ करोड २१ लाख ६३ हजार ४७० लाई सत प्रतिशत मानी देहाय बमोजिमको प्राथमिकिकरण तोकिएको छ ।

| सि.नं. | सूचकहरु | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास | २५ % | |
| २ | सामाजिक विकास | १६.५% | |
| ३ | पूर्वाधार विकास | ४५ % | |
| ४ | वातावरण तथा विपद व्यवस्थाप | २ % | |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | १ % | |
| ६ | वित्तिय व्यवस्थापन र सुशासन | ०.५ % | |
| ७ | ७५ वर्ष पुगेका जेष्ठ नागरिक र लक्षित कार्यक्रम | १० % | |
| | जम्मा | १०० % | |

पुनश्च : आ.ब.२०७४/०७५ को बजेटको परिधि भित्र रही यस तेमाल गाउँपालिकाको कार्यालय भवन र गाउँपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरुका लागि कार्यालय भवन निर्माण गर्न रु. ३ करोड ३० लाख विनियोजन गरिएको छ ।

☞ आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

- राज्यको नयाँ संरचना अनुसार स्थापना भएको गाउँपालिका भएको हुनाले पूर्वाधार विकासमा पहिलो प्राथमिकता दिई कामको थालनी गर्ने,
- वातावरण तथा विपद व्यवस्थापनमा आवश्यक नीति बनाई लागु गर्ने,
- सामाजिक विकासका लागि आवश्यक पहल गर्ने,
- राजश्व संकलनको दायरा पहिचान गरी आवश्यक पहलकदमी लिने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ।
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने ।
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- ७५ वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई सम्मान हुने गरी लक्षित कार्यक्रमको शुरुवात यसै आ.व.२०७४/०७५ बाट गर्ने
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

## गत आर्थिक वर्ष २०७३/०७४ को समिक्षा

### २.१. साविकको स्थानीय निकायहरुवाट सम्पन्न कार्यक्रमहरुको समिक्षा

तेमाल गाउँपालिका घोषणा हुनुपुर्व छुट्टा छुट्टै ७ वटा गा.वि.स.हरु भएको, स्थानीय निकायमा जाने बजेट अलग अलग रुपमा साविकका गा.वि.स.हरुमा निकासा हुने गरेको, जनप्रतिनिधि नहुँदाको अवस्थामा साविककै प्रत्येक गा.वि.स.स्थित दलिय प्रतिनिधी तथा सरकारी निकायका कर्मचारीहरु ( गा.वि.स. सचिव) को प्रत्यक्ष संलग्नतामा आवश्यककता पहिचान,आवश्यकताको प्राथमिकिकरण तथा भेलाको आयोजना गरी गाउँपरिषद नामबाट कार्यक्रम स्वीकृत गर्ने कार्यक्रम हुनेगरको, जनप्रतिनिधी नहुँदाको अवस्थामा स्थानीय दलिय संयन्त्र र सरकारी कर्मचारीहरुको प्रत्यक्ष संलग्नतामा वजेटको विनियोजन, बाँडफाँड, कार्यान्वयन, अनुगमन तथा वाडँफाँड हुनेगरेको, गाउँ परिषदवाट विनियोजित रकम स्थानीय कार्यक्रम लागु हुने स्थानमा उपभोक्ता समिति गठन गरी कार्यान्यवयन गर्ने गरिएको , जनताका दैनिक सेवा प्रवाहका कामहरु गा.वि.स.सचिवको प्रत्यक्ष संलग्नतामा हुनेगरेको

२.२ विषयगत निकायहरु स्थानीय तहमा हस्तान्तरण हुनुपुर्व सम्पन्न कार्यक्रमको समिक्षा :

२.३ स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समिक्षा

यस तेमाल गाउँपलिका स्थानीय तहको रुपमा परिणत भएपश्चात सिंगो गाउँपालिकाको काम गर्ने जिम्मेवारी यस गाँउपालिकाले पाएको छ । स्थानीय तह गठन भए पश्चात यस गाउँपालिकाले गरेको कामको विवरण यस प्रकार रहेको छ :

- ✓ गाउँपालिका तथा वडा कार्यालयहरुको स्थापना,

✓ निर्वाचित जनप्रतिनिधीहरुवाट पदभार ग्रहण,सपथ ग्रहण तथा कार्यभारको सुरुवात,
✓ गाउँपालिकाको लागि तोकिएका मनोनित सदस्यहरुको समेत मनोनयन गरी गाउँकार्यपालिकाको गठन भई कार्यान्वयनमा आइसककेको,
✓ आवश्यकता अनुसार गाउँ कार्यपालिकाको नियमित बैठक बसी गाउँपालिका तथा वडाहरुमा प्रवाह गर्नुपर्ने सेवा सुविधाका कामहरु क्रमागत रुपमा सम्पादन हुने गरेको,
✓ साविकको गा.वि.स.का सचिवहरुवाट सम्पादन हुदै गरेका कामहरु सम्वन्धित वडाका वडा अध्यक्षहरुवाट सम्पादन हुने गरेको,
✓ साविकका गा.वि.स.का सचिवहरु र दलिय प्रतिनिधीहरुको संलग्नतामा सञ्चालन भई रहेका नियमित विकास निर्माणका कामहरुको निरीक्षण अनुगमन गरी कामको प्रभावकारिता र गुणस्तरमा जोड दिइएको,
✓ स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शनमा उल्लेखित निम्नअनुसारका समितिहरु गठन भई कार्यान्वयनमा आई सकेकों :

क) राजस्व परामर्श समिति
ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति)
ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति

२.४ देहाय अनुसारको विषयक्षेत्रगत समितिको समेत गठन भइसकेको :

क) आर्थिक विकास

ख) सामाजिक विकास

ग) पूर्वाधार विकास

घ) वातावरण तथा विपद व्यवस्थापन

ङ) संस्थागत विकास तथा सेवा प्रवाह

च) वित्तिय व्यवस्थापन र सुशासन

२.५ गैह्र सरकारी संघसंस्थाहरुवाट सम्पन्न कार्यक्रमको समिक्षा :

✓ यस तेमाल गाउँपालिकाका साविकका ७ वटै गा.वि.स.हरुमा शौचालय निर्माण कार्य सम्पन्न,
✓ यस तेमाल गाउँपालिकाका ७ वटै साविकका गा.वि.स.हरुलाई खुला दिशामुक्त क्षेत्र घोषणा भएको,
✓ विद्यालय भवन निर्माण,मर्मत तथा जिर्नोद्धारका कार्यहरु सञ्चालन तथा सम्पन्न गरिएको
✓ गैह्र सरकारी संघसंस्थाको सहयोगमा तेमाल गाउँपालिका अर्न्तगतका साविकका गा.वि.स.हरुमा सुधारिएको चुल्हो, गोवरग्याँस लगायतका कार्यहरु सञ्चालन गरिएको,
✓ वैशाख १२, २०७२ को विनाशकारी भुकम्प पछि तेमाल क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुको सहयोगमा राहत सामग्री वितरण गरिएको,
✓ साविकको केहि गा.वि.स.हरुमा स्वास्थय परीक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको,
✓ सहकारी संस्था मार्फत किशानहरुका लागि आवश्यक पर्ने सहुलियतमा रासायनिक मल उपलब्ध गर्ने कार्य भएको,
✓ सहुलियत ब्याजदरमा सहकारी संस्था मार्फत ऋण प्रवाह गरी गरीवी निवारणका कार्यहरु सञ्चालन गरिएको,

- ✓ गाउँपालिकाका केहि विद्यालयहरुमा गैह्र सरकारी संस्थाहरुको सहयोगमा अध्ययनरत बालबालिकाहरुका लागि शैक्षिक सामग्री वितरण गरिएको,

विकास निर्माण, गरिवी निवारण, जनताको जीवनस्तर उकास्ने र तेमालको समग्र विकासका लागि गैह्र सरकारी संस्थाहरुको अह्म भूमिका रहेको छ । विगतका दिनदेखि नै गैह्र सरकारी संस्थाहरुसंग सहकार्य गर्दै अघि बढेको अवस्था रहेकोले अवका दिनहरुमा यस तेमाल गाउँपालिकाले गैह्र सरकारी संस्थाहरुसँग सहकार्य गरी अगाडि बढ्ने प्रण गरिएको छ ।

## ३. अगामी आ.व.२०७४/७५ को नीति, बजेट, तथा कार्यक्रम

### ३.१ सोंच

आगामी ५ बर्षमा तेमाल गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, सबै वडालाई सडक सञ्जालमा जोड्दै कृषि क्षेत्रमा व्यवसायीकरण, सञ्चार, यातायात, पूर्वाधार विकास, उद्योग, अर्थ, पर्यटन, युवा तथा खेलकुद र महिला तथा वालवालिका सम्बन्धी प्रशासनिक निकायको संरचना र शासकीय स्वरुप तयार भई सबैले शुलभ सेवा प्राप्त गरेको अबस्था हुनेछ र प्रत्येक गाउामा कृषि उद्योग पर्यटन तथा व्यापारमा बैज्ञानिक पद्धतिको पहुँच विकास भै तेमाल गाउँपालिका आत्म निर्भर र प्रतिस्पर्धी गाउँपालिका हुनेछ ।

### ३.१. लक्ष्य

१) यस तेमाल गाउँपालिकलाई देशकै नमुना गाउापालिका बनाउने ।
२) पहिलो वातावरणमैत्री तथा वालमैत्री गाउको रुपमा स्थापना गर्ने ।
३) ९ वटै वडा कार्यालय सम्म पुग्ने सडक सञ्जाल विस्तार गरी कालोपत्रे गर्ने ।
४) आधुनिक सूचना केन्द्र स्थापना गर्ने ।
५) गाउँपालिका तथा ९ वटै वडाहरुका लागि कार्यालय व्यवस्थित गर्ने ।

### ३.२. उदेश्य

१) रोजगारी तथा आर्थिक वृद्धिका लागि स्वरोजगारमूलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने तर्फ विशेष पहल गर्ने ।
२) गाउँपालिका सेवा क्षेत्रको सर्वेक्षण गरी भौगोलिक मानवीय र प्राकृतिक श्रोत साधन आदि सबै सुचनाहरु समाविष्ट भएको तथ्याङ्क गाउँपालिकामा अद्यावधिक भै जनताको सरोकारका सबै काम सुचनाका आधारमा गर्ने पद्धति विकास हुने ।
३) संविधान र ऐन कानुनले तोकेका सर्वसाधारणले पाउनु पर्ने सेवा सुविधाहरु वडा र गाउापालिका स्तरमा सहज र सरल प्रकृयावाट घरदैलोमा सेवा प्रदान गर्ने ।
४) सुशासनको प्रत्याभूति दिलाउने ।
५) भौतिक पूर्वाधार र आधुनिक कृषिको विकास गरी रोजगारीको अवसर सिर्जना गरी गरिवी न्यूनकरणमा जोड दिने ।
६) आर्थिक श्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता वढाउने तर्फ विशेष पहल गर्ने ।
७) जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, फरक क्षमता भएका व्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दीगो विकासको अवधारणा आत्मसात गर्ने ।

८)	पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन प्रवर्द्धनमा जोड दिने ।

## ३.४ वार्षिक बजेट तथा योजना तर्जूमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

### ३.४.१ क्षेत्रगत नीति तथा आधारहरु

**क)	आर्थिक क्षेत्र**

- ✓ कृषिमा आधुनीकिकरण गरी यान्त्रीकिकरण र बजारीकरण गरी आर्थिक उन्नतिमा जोड दिने ।
- ✓ गाउाको स्थानीय स्तरमा उत्पादन हुने बोधिचित्तको व्यवसायिक खेतीको रुपमा स्थापना गर्ने ।
- ✓ निर्वाहमुखी खेती प्रणालीलाई ब्यवसायिक कृषि प्रणालीतर्फ उन्मूख गर्ने नीति लिइनेछ ।
- ✓ तेमाल गाउँपालिकामा “कृषि, व्यापार र पर्यटन, हाम्रो सशक्त अभियान“ को अवधारणा लिई सोही अनुसारका योजना कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।
- ✓ यस गाउँपालिकाको कृषि सम्भावित क्षेत्रहरुको पहिचान गरी आधुनिक तथा व्यवसायिक कृषि व्यवसाय, एक वडा एक उत्पादनको अभियान, कृषि उपजको सन्तुलित बजारीकरण आदि कार्यलाई तिव्रताका साथ अगाडि वढाईने छ ।
- ✓ गाउँपालिकामा कृषिजन्य उत्पादनहरुलाई गुणस्तरीय तथा व्यवस्थित गराउन माटो परिक्षण तथा उपचार, आई पि एम पाठशाला सञ्चालन, जैविक (गोठे) मल तथा जैविक विषादी, सिंचाई पोखरी निर्माण, पशु भ्याक्सिनेसन, पशु विमा र कृषि तथा पशुजन्य उत्पादनको वजारीकरण तथा प्रवर्धनमा विशेष जोड दिईने छ ।
- ✓ उन्नत खालका पुशपालनका लागि युवा कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- ✓ कृषि सहकारीतालाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व वृद्धिको आधार बनाइनेछ ।
- ✓ गाउँमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरु र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।
- ✓ धार्मिक तथा ऐतिहाासिक महत्व बोकेको नारायणस्थान र तोमसुङकुण्ड क्षेत्रको गुरुयोजना निर्माण गरी नमूना पर्यटकीय क्षेत्रको रुपमा रुपान्तरण गर्न आवश्यक पहल गरिनेछ ।
- ✓ पर्यटकीय महत्व बोकेका क्षेत्रहरुमा आवश्यक पर्यटन पूर्वाधार निर्माण गर्ने कार्यमा जोड दिईने छ । नयाा पर्यटकीय क्षेत्रहरुको पहिचान तथा उक्त क्षेत्रको विकासको लागि सार्वजनिक निजी साझेदारीको अवधारणालाई अवलम्वन गरिनेछ ।
- ✓ गाउँपालिकाले पर्यटन मन्त्रालयसँग समन्वय गरी गाउँको कम्तिमा एक वस्तिमा (Home Stay)कार्यक्रम थालनी गरिनेछ ।
- ✓ गाउँपालिकाले इतिहासविद् वा पुरातत्वविद्को सहायतामा आफ्नो क्षेत्रमा रहेको एतिहासिक व्यक्ति, घटनासाग जोडिएका वा अन्य ऐतिहासिक स्थल पहिचान गरी सो स्थानमा ढुंगाको प्रस्तरमा विवरण राखी सो स्थललाई पर्यटकीय प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- ✓ स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ तथा अन्य प्रचलित ऐन नियमहरुको परिधिभित्र रही गाउँस्तरीय राजस्व परामर्श समितिको सिफारिसमा आन्तरिक कर, शुल्क र दस्तुर आदिको दरमा आवश्यक परिमार्जन गरी यस गाउापालिकाबाट स्वीकत गरिसकिएको छ । सोको प्रभावकारी कार्यान्वयनमा जोड दिईने छ ।
- ✓ गाउँपालिकामा व्यवसाय करको नक्सांकन गरी करदाताहरुलाई करको दायराभित्र ल्याई नियमित असुली कार्य गरिनेछ । करको थप क्षेत्रहरुको पहिचान गरी कर प्रणाली कार्यान्वयन गरिने छ ।

- ✓ करदाताहरुको लगतलाई कम्प्युटरीकृत गरी राजस्व प्रशासनलाई सुदृढ गर्न आवश्यक संस्थागत व्यवस्था गरिने छ ।
- ✓ गाउँपालिकाको लेखा प्रणालीलाई व्यवस्थित गर्न कम्प्युटरीकृत लेखा प्रणालीलाई कार्यान्वयन ल्याइएको छ । यसलाइ अझ प्रभावकारी बनाइनेछ ।
- ✓ बहालवाला कर्मचारीको नाममा रहेको म्याद नाघेको पेश्की सून्य गरिनेछ । अन्य व्यक्ति, पदाधिकारी तथा संस्थाको नाममा रहेको म्याद नाघेको पेश्की फछ्र्यौट कार्यमा प्रभावकारी पहल गरिनेछ ।
- ✓ तेमाल गाउँपालिका भित्रका विभिन्न वडाहरुमा विगत लामो समयदेखि कार्यरत स्थानीय निकायका कर्मचारीहरुलाई निरन्तरता दिईनेछ ।

**ख) सामाजिक क्षेत्र**

- ✓ गाउँमा सवैको लागि शिक्षा अभियानलाई टेवा पुऱ्याउन विद्यार्थी भर्ना अभियान, विद्यालयको पूर्वाधार विकास, गुणस्तरीय शिक्षा अभियान जस्ता कार्यक्रमहरुमा विद्यालयहरुलाई सहयोग गरिने छ ।
- ✓ प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन सामाजिक परिचालन मार्फत प्रोत्साहित गरि साक्षरता प्रतिशतमा सुधार गरिनेछ ।
- ✓ राष्ट्रिय सारक्षरता अभियानलाई उपलब्धिमूलक बनाउन शिक्षा क्षेत्रमा क्रियाशिल गै.स.स.हरुसाग सहकार्य र समन्वय गरी अनुगमन, मूल्याङ्न पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याउइनेछ ।
- ✓ गाउँ क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल शिक्षा सञ्चालन, कम्प्यूटर शिक्षा, पुस्तकालय स्थापना र सञ्चालन तथा अन्य शैक्षिक सामाग्री सहयोगको साथै शैक्षिक गुणस्तर सुधारका लागि सम्वन्धित विद्यालयसागको साझेदारीमा पहल गरिने छ ।
- ✓ गाउँको स्वास्थ्य संस्था तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमा क्रमशः चौविसै घण्टा प्रसुती सेवा सञ्चालनको लागि आवश्यक सहयोग र पहल गरिनेछ ।
- ✓ स्वास्थ्य क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुबीचको समन्वयलाई सुदृढ तुल्याइने छ ।
- ✓ गाउँको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- ✓ गाउँपालिका क्षेत्रभित्र स्थानीय समुदायको सहयोगमा आवश्यकता अनुसार शहरी स्वास्थ्य क्लिनिक वा योगा ध्यान केन्द्र सञ्चालन गर्न सहकार्य गरिनेछ ।
- ✓ निर्वाहमुखी खेती प्रणालीलाई ब्यवसायिक कृषि प्रणालीतर्फ उन्मूख गर्ने नीति लिइनेछ ।
- ✓ तेमाल गाउँपालिकामा "कृषि व्यापार र पर्यटन, हाम्रो सशक्त अभियान" को अवधारणा लिई सोही अनुसारका योजना कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।
- ✓ यस गाउँपालिकाको कृषि सम्भावित क्षेत्रहरुको पहिचान गरी आधुनिक तथा व्यवसायिक कृषि व्यवसाय, एक वडा एक उत्पादनको अभियान, कृषि उपजको सन्तुलित बजारीकरण आदि कार्यलाई तिव्रताका साथ अगाडि बढाईने छ ।
- ✓ गाउँपालिकामा कृषिजन्य उत्पादनहरुलाई गुणस्तरीय तथा व्यवस्थित गराउन माटो परिक्षण तथा उपचार, आई पि एम पाठशाला सञ्चालन, जैविक (गोठे) मल तथा जैविक विषादी, सिंचाई पोखरी निर्माण, पशु भ्याक्सिनेसन, पशु विमा र कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण तथा प्रवर्धनमा विशेष जोड दिईने छ ।
- ✓ उन्नत खालका पुशपालनका लागि युवा कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- ✓ कृषि सहकारीतालाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व वृद्धिको आधार बनाइनेछ ।
- ✓ गाउँक्षेत्रमा रहेका सहकारी संस्थाहरुलाई व्यवस्थित विकासको लागि साझेदारीको अवधारणा अनुरुप सहकारी बिकासका पहलहरु थालनी गरिनेछ ।

- ✓ गाउँवासी नागरिकहरुको जिविकोपार्जन सुधारका लागि सवै वडाहरुमा लघु, घरेलु, साना, मझौला उद्यम÷उद्योगहरुको स्थापना र सञ्चालनको लागि विशेष पहल गरिने छ ।
- ✓ गाउँक्षेत्रमा रहेका कृषि तथा वन क्षेत्रबाट उत्पादन हुने उपजहरुमा आधारित लघु , घरेलु तथा साना उद्यमको स्थापना गराई स्वरोजगारी, आय आर्जन कार्यक्रमहरुको लागि वजेट विनियोजन तथा कार्यान्वयन गरिने छ ।
- ✓ गरिवीको रेखामुनि रहेका परिवारहरुको बसोबास भएका वस्तीहरुमा लघु तथा घरेलु उद्यमको माध्यमबाट अति विपन्न, गरिव, महिला, दलित तथा आदिवासी जनजातीहरुको आर्थिक तथा सामाजिक विकासको माध्यमबाट गरिवी न्यूनीकरणमा जोड दिन लघु उद्यम विकास कार्यक्रम (MEDEP) मोडेल अवलम्वन तथा कार्यान्वयनको लागि सम्वन्धित निकायहरुसाग सहकार्यमा जोड दिईने छ ।
- ✓ उद्यमशिलताको विकाससागै लघु तथा साना उद्यमलाई विकास र प्रवर्द्धन गरी गरिवी न्यूनिकरण सम्वन्धि कार्यक्रमहरु संचालन गर्न गाउँ उद्यम विकास रणनैतिक योजनालाई कार्यान्वयनमा ल्याई आवश्यक श्रोतको व्यवस्था गर्दै लघु उद्यम विकास कोषलाई गाउँपालिकामा Basket Fund को रुपमा विकास गरी सञ्चालन गरिने छ ।
- ✓ एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

## ग) पूर्वाधार क्षेत्र

- ✓ यस गाउँपालिकाको आवश्यकता अनुरुप तयार भैसकेको गाउँ यातायात गुरुयोजना अनुरुप मात्र पुर्वाधार निर्माण गरिनेछ ।
- ✓ गाउँमा प्राथमिकता प्राप्त सडकहरुलाई कालोपत्रे तथा स्तरोन्नती गर्ने कार्यका साथै आवश्यक अन्य सडकहरुको मर्मत सम्भार र क्रमागत आयोजनालाई प्राथमिकता दिईने छ ।
- ✓ सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक विस्तार नीति तथा मापदण्डको प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- ✓ गाउँपालिकालाई आवश्यक पर्ने सुविधा सम्पन्न बसपार्कका लागि उपयूक्त क्षेत्रको पहिचान गरी लागत साझेदारीमा निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- ✓ गाउँपालिकामा चक्रपथको अवधारणालाई अगाडि वढाउन सम्बन्धित कार्यालयसँग सहकार्य गरिने छ । गाउँपालिकाका ९ वटै वडाहरुलाई जोड्ने तथा छिमेकी पाँचखाल नगरपालिका र नमोबुद्ध नगरपालिकासँग जोड्ने मोटरबाटो निर्माण तथा व्यापारिक सम्वन्ध स्थापना गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- ✓ सडकको क्षेत्राधिकारलाई प्रभावकारी कार्यान्वयन गरी सडक अतिक्रमणलाई निरुत्साहित गर्दै सडक खुला राख्ने कार्यमा निरन्तरता दिइनेछ र अव्यवस्थित रुपले रहेका विद्युत तथा टेलिफोनका पोल तथा तारलाई व्यवस्थित गर्न सम्बन्धित निकायमा समन्वय गरिनेछ ।
- ✓ गाउँक्षेत्रभित्रको ट्राफिक व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालयसाग सहकार्य गरिने छ ।
- ✓ गाउँक्षेत्रको भू–उपयोगलाई व्यवस्थित तुल्याउन गाउँ भू–उपयोग नीति तयार गरी लागु गरिने छ । घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्वनमा ध्यान दिईने छ ।
- ✓ यस गाउँपालिका क्षेत्रमा खानेपानी तथा सिंचाई श्रोतको अभाव रहेको तर यहाँको आर्थिक आधार कृषि भएकोले सुनकोशी र रोशी लिफ्टिङ्ग तथा सिंचाईका नविनतम् उपायहरु खोजी गर्ने र अधुरा योजनाहरुलाई पुरा गर्ने कार्यहरुलाई जोड दिईने छ ।

- ✓ गाउँपालिकामा यूवाहरुको लागि आवश्यक खेल मैदान तथा खेल सामाग्री सहयोग र खेलकुद प्रवर्द्धनका विविध कार्यक्रमहरु आयोजना गरिने छ ।
- ✓ गाउँपालिकामा कृषि तथा पशु व्यवसायहरुलाई सहयोगी पूर्वाधारहरु जस्तैः दुग्ध संकलन तथा प्रशोधन केन्द्र, तरकारी तथा फलफुल संकलन, बिक्री केन्द्र र विविध व्यवसायिक साझा सुविधा केन्द्रहरुको भौतिक पूवार्धार निर्माण कार्यहरु गरिने छ ।
- ✓ गाउँपालिका क्षेत्रमा रङ्गशालाको लागि उपयूक्त स्थान पहिचान गरी निर्माण कार्यको लागि आवश्यक तयारी गरिने छ ।

## घ) वातावरण तथा विपद् व्यवस्थापन

- ✓ गाउँपालिका भित्र रहेको वन क्षेत्रको समुचित व्यवस्थापन तथा उपयोगका लागि विभिन्न कार्यालयसँगको सहकार्यमा विभिन्न कार्यक्रम कार्यान्वयन गरिने छ । साथै वनक्षेत्र संरक्षणको लागि गाउँमा वृक्षारोपण तथा वनजङ्गल संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समूहहरुसाग सहकार्य गरिनेछ । ईन्धनको चाप वनक्षेत्रमा कम गर्न वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई जोड दिईने छ ।
- ✓ तेमालको शान सामुदायीक बन भन्ने मुल नारालाई स्थापित गर्दै जलवायू परिवर्तन बायू प्रदुषण तथा प्रदुशित बाताबरण स्वच्छ एवं न्यूनिकरण गर्न बृहत कार्ययोजनाका साथ बन विकास कार्यक्रम अगाडी बढाईनेछ ।
- ✓ वृक्षारोपण तथा भु-संरक्षण कार्य गर्दा साझेदारीमा गर्ने नीति लिइनेछ । गाउँपालिकाले गाउँ क्षेत्रका मुल सडक दायाँ बायाँ, सार्वजनिक जमिन र खोला किनारमा वृक्षारोपण गरी हरियाली प्रबर्द्धन गरिनेछ ।
- ✓ वातावरणमैत्री स्थानीय शासनको स्वीकृत सूचकहरु प्राप्तिका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ । गाउँ क्षेत्रभित्रका विद्यालय तथा क्याम्पसहरु, सरकारी तथा गैरसरकारी संस्थाहरु र वित्तीय निकायहरुसागको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ✓ गाउँ क्षेत्रभित्र निर्माण हुने सरकारी भवनहरुलाई वातावरणमैत्री घरको रुपमा विकसित गर्न पहल गरिनेछ ।
- ✓ गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरुको खोजी गरी आवश्यक सार्वजनिक पूर्वाधारहरु, मनोरञ्जन पार्क, हरियाली पार्क निर्माण गर्न पहल गरिने छ ।
- ✓ गाउँ क्षेत्रभित्र हरियाली प्रवर्द्धन गर्न टोल सुधार समितिहरु गठन तथा साझेदारी कोष स्थापना गरी सञ्चालनमा ल्याईने छ ।
- ✓ जलवायू परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनिकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारहरुसाग समन्वय र सहकार्य गरि स्थानीय जलवायू परिवर्तन अनुकुल कार्ययोजना तर्जुमा गरि कार्यान्वयमा ल्याइनेछ ।
- ✓ पुराना पोखरीहरुको संरक्षण गर्ने तथा नयाँ पोखरी खन्ने कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- ✓ गाउँक्षेत्रको लागि निर्धारण गरिएका घर परिवार तहको वातावरणमैत्री स्थानीय शासनको आधारभूत सूचकहरुको कार्यान्वयन शुरु गरिनेछ ।
- ✓ गाउँक्षेत्रका घर घरमा वर्षातमा कम्पाउण्डभित्र परेको पानीलाई ढल वा नालामा नपठाई कम्पाउण्ड भित्र जमिनमुनि पानी रिचार्ज गर्ने व्यवस्थाको लागि नियमन गरिनेछ ।
- ✓ राष्ट्रिय मापदण्ड अनुरुप प्लाष्टिक प्रयोगमा बन्देज गर्न औपचारिक पहल गरिनेछ ।
- ✓ गाउँको मुख्य शहरी क्षेत्रमा घर-घरमा करेसाबारी तरकारी खेतीलाई प्रवर्द्धन गरिनेछ ।

- ✓ गाउँमा स्वस्थ र सफा मासु आपूर्तिको लागि उपयुक्त स्थानमा व्यवस्थित निजी तथा सार्वजनिक वधशाला सञ्चालन गर्न पहल गरिनेछ ।
- ✓ गाउँपालिकाले वार्षिक रुपमा कम्तिमा २५ जना व्यक्तिलाई Cost-Effective Housing वा Green Home निर्माण सम्बन्धि तालिम प्रदान गरी तालिम प्राप्त जनशक्तिबाट उक्त घरहरु निर्माणमा प्रोत्साहन गरिनेछ ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- ✓ गाउँपालिकाको वेवसाईट निर्माण गरी सूचनाहरु वेव मार्फत प्रसारित गरिनेछ ।
- ✓ गाउँपालिकाका गतिविधीहरु पारदर्शी तुल्याउन तथा स्थानीय नागरिकहरुलाई सहज तवरले जानकारी पुर्याउन सवैखालको सञ्चार माध्यमसँग समन्वय गरिनेछ ।
- ✓ गाउँपालिकामा सञ्चालित आयोजनाहरुको गुणस्तर अभिवृद्धि गरी वित्तीय जोखिमलाई न्यूनिकरण गर्न गाउँ स्तरीय अनुगमन समितिलाई अफ सक्रिय तुल्याई अनुगमन कार्यलाई तिव्रता दिईने छ ।
- ✓ गाउँपालिकाका नागरिकहरु तथा सामुदायिक संस्थाहरुलाई स्थानीय शासन प्रक्रियामा सक्रिय सहभागिता गराई निजहरुको आधारभूत अधिकारहरुको पहुँचमा सुनिश्चितता कायम गर्ने प्रयास गरिने छ ।
- ✓ गाउँपालिकामा वित्तीय सुशासन जोखिम न्यूनिकरणका लागि स्थानीय स्तरमा रणनैतिक योजना तर्जुमा गरी लागु गरिने छ ।
- ✓ यस गाउँपालिकाले कम्तिमा प्रदेश भित्रको एक र अर्को प्रदेशको कुनै एक गाउँपालिकासँग भगिनी सम्बन्ध विस्तार गरी आपसी सहयोग बढाउने नीति अवलम्बन गर्नेछ ।
- ✓ जिल्ला प्रशासन कार्यालयको समेत सहयोग लिई गाउँपालिकाबाट विशेष कार्ययोजना बनाई यस गाउँपालिकालाई भ्रष्टाचारमा शून्य सहनशील गाउँपालिकाको रुपमा घोषणा गर्न पहल गरिनेछ ।
- ✓ गाउँपालिकामा सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ताका प्रशासनिक सुधारका लागि आवश्यक अनलाईन प्रणालीको विकास तथा सञ्चालन गरिने छ ।
- ✓ गाउँपालिका तथा मातहतका वडा कार्यालयको संस्थागत सुदृढिकरणका कार्यहरु थालनी गरिने छ ।
- ✓ गाउँ स्थित सम्पूर्ण कार्यालयलाई सेवाग्राही मैत्री वनाउन सुशासनका सुचाङ्कका रुपमा रहेका नागरिक वडापत्र, सुफाव पेटिका राख्ने, सूचना अधिकारी तोक्ने एवं पारदर्शिताका लागि सार्वजनिक सुनुवाई गर्ने जस्ता कार्यहरुलाई कडाईका साथ लागु गरिने छ ।

## च ) वित्तीय व्यवस्थापन र सुसाशन तर्फ

- ✓ गाउँमा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमहरुको नियमित अनुगमन प्रगति समीक्षा, समन्वय बैठक, आन्तरिक लेखा परिक्षण, लेखापरिक्षण, सार्वजानिक सुनुवाई, सामाजिक परीक्षण आदि कार्यक्रमहरुलाई बढावा दिइनेछ ।
- ✓ भुकम्प प्रभावित लाभग्राहि सूचिमा नाम समावेश नभएका र गुनासोमा पनि नसमेटिएका भूकम्प प्रभावित व्यक्तिहरुको पुनः घरधुरी सर्वेक्षणको व्यवस्था मिलाई लाभग्राहिको सूचिमा समावेश गर्न पहल गरिने ।

हरेक महत्वपूर्ण सन्देश र सूचनाहरु कार्यालयको वेवसाईट, फेसबुक पेज र स्थानीय एफ.एम.रेडियो मार्फत सबै गतिविधिहरु नागरिकहरुको जानकारीमा ल्याउने प्रयास गरिएको छ । यसबाट सुशासन

कायम गर्न थप योगदान पुग्ने विश्वास लिएको छु। सोहि अनुरुप यस गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै नागरिकको नाम गाउँपालिकाको Website मा राखिने छ।

- ✓ सबैवडाका आवधिक वडा योजना तयार भई सकेका हुने छन्। यस आर्थिक वर्ष देखि सोही आधारमा वार्षिक योजना तयार गर्ने कार्यको थालनी गरीएको छ ।
- ✓ गाउँपालिकामा लेखा व्यवस्थापनका लागि Accounting Software को प्रयोगको थालनी गरी वित्तिय अनुशासन र प्रभावकारीता कायम गरीने छ।

**निर्णयहरु**

१) आ.व. २०७४/०७५ को अनुमानित बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन पारित गरिएको छ।

२) साविकका गा.वि.स.हरुको नगदी तथा जिन्सी सामानहरु सबै गाउँपालिकाको नाममा लगत राखिएको छ। ा